**लोक सेवा आयोग**

# स्थानीय तह, २०७६

**विषय : सामान्य ज्ञान र सामान्य बौद्धिक परीक्षण।**

***वस्तुगत बहुवैकल्पिक प्रश्न (Multiple Choice Questions)***

१) **नेपाल जनसांख्यिक स्वास्थ्य सर्वेक्षण २०७३ अनुसार प्रजननशील महिलाको कुल प्रजनन् कति छ ?**

A) १.३ प्रति महिला  B) २.१ प्रति महिला  C) २.३ प्रति महिला  D) ३.१ प्रति महिला

२) **जोडा मिलाई कोठबाट सहि उत्तर छान्नुहोस्।**

| प्रदेश | स्थानीय तह संख्या |
|---|---|
| a) प्रदेश नं. १ | १) ११९ |
| b) प्रदेश नं. २ | २) १३७ |
| c) प्रदेश नं. ३ | ३) १३६ |
| d) प्रदेश नं. ५ | ४) १०९ |

कोड :

| | a | b | c | d |
|---|---|---|---|---|
| A) | ३ | २ | १ | ४ |
| B) | २ | ३ | १ | ४ |
| C) | २ | ३ | ४ | १ |
| D) | १ | ३ | ४ | २ |

३) **क्षेत्रफलको आधारमा ठूलोबाट सानो क्रम मीलाउनुहोस्।**

१) खप्तड राष्ट्रिय निकुञ्ज  २) लाङटाङ राष्ट्रिय निकुञ्ज

३) चितवन राष्ट्रिय निकुञ्ज  ४) मकातुवरुण राष्ट्रिय निकुञ्ज

A) ४, २, ३, १  B) २, ४, ३, १  C) ४, २, १, ३  D) ४, ३, २, १

४) **विश्व वातावरण दिवस सन् २०१७ को नारा के थियो ?**

A) I am with nature  B) Save our plannet

C) Fight against the illegal teade in wildlife  D) Think, eat, Seve

५) **तलको भनाई विचार गर्नुहोस्।**

१) निमोनिया र क्षयरोग दुवै सरुवा रोग हुन्  २) दुबै रोग हावाको माध्यमबाट सर्दछन्।

माथिको भनाई विचार गनुहोस्।

A) भनाइ १ र २ दुबै बेठिक  B) भनाइ १ ठिक र भनाइ २ बेठीक

C) भनाइ १ बेठीक र भनाइ २ ठिक  D) भनाइ १ र २ दुबै ठीक

६) **नेपालमा पहिलोपटक वाटर एटीएम संचालन कहाँ गरिएको हो ?**

A) काठमाडौं महानगरपालिका परिसर  B) सिंहदरबार परिसर

C) ललितपुर महानगरपालिका परिसर  D) त्रिभुवन विश्वविद्यालय परिसर

७) **नेपालमा ... ... ... मा आधारित संघीरित संधीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली रहेको छ।**

A) बहुदल  B) बहुलवाद  C) बहुदलीय प्रतिस्पर्धा D) बहुतह

८) नेपालको वर्तमान संविधान सम्बन्धी तलका कथनहरू अध्ययन गरी उपयुक्त विकल्प छान्नुहोस्।
१) नेपालको वर्तमान संविधानमा ३०८ धारा, ३५ भाग र ९ अनुसूची छन्।
२) नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची अनुसूची ६ मा व्यवस्था गरिएको छ।
A) १ सहि र २ गलत B) १ गलत र २ सहि C) १ र २ दुबै सहि D) १ र २ दुबै गलत

९) नेपालको संविधान अनुसार संघ र स्थानीय तहवीचको सम्बन्धको सिद्धान्त तलकामध्ये कुन होइन ?
A) सहकारिता B) सहअस्तित्व C) सहभागिता D) समन्वय

१०) तल दिइएका श्रेणीको क्रममा प्रश्न चिन्ह (?) राखिएको खाली ठाउँमा के हुन्छ ?
६६४, ३३२, ३४०, १७०, ?, ८९
A) ८५ B) ९७ C) १०२ D) १७८

११) दिइएका अंकहरुमध्ये समूहसँग नमिल्ने अंक कुन हो ?
६६१, ५०५, ४८२, ३६२, ३६२, २४२
A) २४२ B) ४८२ C) ५०५ D) ६६१

१२) यदि कुनै कोडमा २४३५७ लाई २८९२८ को रुपमा लेखिन्छ भने सोही कोडमा ३२७४६ लाई कसरी लेखिन्छ ?
A) ९२८२२ B) ३४३५३ C) ९२८२६ D) ३६३७३

१३) प्रश्नचिन्ह भएको ठाउँमा कुन अंक आउँछ ?

| | | | |
|---|---|---|---|
| १ | | | |
| ४ | ५ | | |
| ? | ७ | ९ | |
| ११ | १३ | १६ | २५ |

A) ३ B) ८ C) ५ D) ९

१४) निश्चित संख्याका घोडा र उतिनै संख्याका मान्छेहरु कतै जाँदै थिए। आधा संख्यामा मानिस घोडामा सवार र बाँकी घोडासँगै अघि डोऱ्याउँदै जाँदै थिए। यदि हिंड्ने खुट्टाहरुको संख्या ७० भए कति घोडाहरु थिए ?
A) १० B) १२ C) १४ D) १६

१५) संयुक्त राष्ट्र संघको सुरक्षा परिषदमा अस्थायी प्रतिनिधिहरु कति समयका लागि छनौट हुन्छन् ?
A) १ वर्ष B) २ वर्ष C) ३ वर्ष D) ४ वर्ष

१६) SAARC देशहरु र उनीहरुको नेपालसँगको दौत्य सम्बन्ध भएका मितिलाई जोडा मिलाउँदै कोडबाट सही उत्तर छान्नुहोस्।

| देश | मिति |
|---|---|
| a) भारत | १) 1972 April 8 |
| b) माल्दिभ्स | २) 1983 June 3 |
| c) भुटान | ३) 1980 Aug 1 |
| d) बंगलादेश | ४) 1947 Jun 13 |

| | a | b | c | d |
|---|---|---|---|---|
| (A) | ४ | १ | २ | ३ |
| (B) | ३ | २ | १ | ४ |
| (C) | ४ | २ | ३ | १ |
| (D) | ४ | ३ | २ | १ |

१७) तलका मध्ये कुन कथन सही छ ?

a) संयुक्त राष्ट्रसंघको संस्थापक राष्ट्रको संख्या ५० हो।

d) संयुक्त राष्ट्र संघको वडापत्रमा १९ अध्याय छन्।

C) संयुक्त राष्ट्र संघको स्थापना सन् १९४५ मा भएको हो।

A) a सही b र c गलत B) a र b सही c गलत C) a गलत b र c सही D) b गलत a र c सही

१८. तल दिइएका साहित्यिक कृति र तिनीहरुको मदन पुरस्कार प्राप्त मिति बीच जोडा मिलाई बन्ने उपयुक्त विकल्प छान्नुहोस्।

| साहित्यिक कृति | मदन पुरस्कार प्राप्त मिति |
|---|---|
| १) शिरीषको फुल | a) वि.सं. २०७० |
| २) जीवन काँडा कि फुल | b) वि.सं. २०६७ |
| ३) खलंगामा हमला | c) वि.सं. २०२२ |

A) १-c, २-b, ३-a B) १-a, २-b, ३-c C) १-b, २-a, ३-c D) १-b, २-c, ३-a

१९. सबैभन्दा बढी पटक सगरमाथा आरोहण गर्ने आरोही कामीरिता शेर्पाले पछिल्लो पटक कहिले सगरमाथाको सफल आरोहण गरेका थिए ?

A) २०७६ जेठ १ B) २०७६ जेष्ठ ७ C) २०७६ जेठ १० D) २०७६ जेठ ११

२०. गाउँपालिका वडा अध्यक्ष र उपाध्यक्षले निर्वाचनमा कति रकम खर्च गर्न पाउँछन् ?

A) रु. १ लाख B) रु. २ लाख

C) रु. २ लाख पचास हजार D) रु. ३ लाख पचास हजार


२१. उपयुक्त विकल्प छनौट गरी श्रेणी पूरा गर्नुहोस्।






A B C D

२२. प्रश्नचिन्ह (?) भएको ठाउँमा के हुन्छ ?




A B C D

२३. प्रश्न चिन्ह भएको ठाउँमा पहिलेका चित्रको विकासक्रममा आधारमा A, B, C र D मध्ये कुन सही हुन्छ ?





A B C D

२४. **Animal, Elephant र Walves बीचका सम्बन्ध निम्न मध्ये कुन चित्रले राम्ररी प्रतिनिधित्व गर्दछ ?**



A B C D

२५. दिइएको चित्रमा अधिकतम कतिवटा समानान्तर चतुर्भुजहरु छन् ?



A) ८ B) ११ C) १२ D) १५

२६. नेपालमा सबैभन्दा बढी उत्खनन् भएको खनिज कुन हो ?

A) फलाम B) कोइला C) चुन ढुंगा D) ग्याँस

२७. नेपालको प्रसिद्ध पर्यटकीय स्थल हेलम्बु कुन जिल्लामा पर्दछ ?

A) दोलखा B) रामेछाप C) सिन्धुपाल्चोक D) नुवाकोट

२८. नारी दिवस २०१९ को नारा तलकामध्ये कुन हो ?

A) Behave Equal to All
B) Thinks Equal for Change
C) Change Women's Lives
D) Think Equal, Build Smart, Innovate for Change

२९. समूह I र II बीच जोडा मिलाउनुहोस् कोडबाट सहि उत्तर छान्नुहोस्।

| समूह I | समूह II |
|---|---|
| a) संरक्षित स्तनधारी | 1) १ प्रजाति |
| b) संरक्षित चराहरु | 2) ८ प्रजाति |
| c) शिकार गर्न पाइने जनावरहरु | 3) २७ प्रजाति |
| d) शिकार गर्न पाइने पंक्षीहरु | 4) १० प्रजाति |

A) a-2, b-1, c-3, d-4 B) a-3, b-1, c-4, d-2 C) a-1, b-2, c-3, d-4 D) a-3, b-1, c-2, d-4

३०) रानी जमरा सिँचाइ आयोजनाको स्रोत कुन नदि हो ?

A) कर्णाली B) सेती C) राप्ती D) महाकाली

३१) तलको भनाई कुन बेठिक छ ?

A) नेपालमा द्वैध शासनको शुरुवात वसन्त देवको पालामा भएको हो।
B) पाल्पास्थित रानीमहल खड्गशमशेरले बनाएका हुन्।
C) लिच्छविकालमा गाउँमा राजाको प्रतिनिधि हजुरिया हुन्थ्यो।
D) पृथ्वीनारायण शाहले तेस्रो पटकको प्रयासमा कीर्तिपुरमाथि विजय पाएका थिए।

३२) नेपाल एकीकरण नायक पृथ्वीनारायण शाहबारे तल दिइएका भनाइ मध्ये कुन सहि होइन ?
१) पृथ्वीनारायण शाहको राज्यारोहण २० वर्षको उमेरमा भएको थियो।
२) 'दुनिया जसदेखि खुशी हुन्छन् उसैलाई दिनु ' पृथ्वी नारायण शाहको भनाइ हो।
३) दिल्लीका बादशाहबाट पृथ्वीनारायण शाहलाई बहादुर शमशेर जंगको पदवीले विभुषित गरिएको थियो।
४) पृथ्वी नारायण शाहको मृत्यु वि.सं. १८३१ मंसिर १ मा भएको थियो।
A) १ र २ गलत B) २ र ४ गलत C) ३ मात्र गलत D) ४ मात्र गलत

३३) 'पञ्चकर्म' अन्तर्गत नपर्ने कुन हो ?
A) तर्पण B) रुद्राभिषेक C) ब्राह्मण भोजन D) दान

३४) मातृभाषा बोल्ने संख्याका आधारमा ठूलोबाट सानो क्रम मिलाउनुहोस्।
१) भोजपुरी २) नेवार ३) डोटेली ४) थारु
A) १, ३, २, ४ B) १, ४, २, ३, C) ४, १, ३, २ D) १, २, ३, ४

३५) कार्ट (CAR-T) के रोगसँग सम्बन्धित छ ?
A) वातावरण B) क्यान्सर रोगको उपचार
C) कम्प्युटर प्रोग्रामिङ D) मोबाइल कम्पनी

३६) देहायका उपकरणहरुले गर्ने मापनका सम्बन्धमा कुन भनाइ सहि छ ?
A) एम्पियर्समा विद्युत् धारा नाप्ने यन्त्र एमिटर हो।
B) यान्त्रिक शाक्तिलाई विद्युत शक्तिमा परिणत गर्ने यन्त्र डाइनामोमिटर हो
C) विद्युत् शक्तिलाई यान्त्रिक शाक्तिमा परिणत गर्ने यन्त्र जेनेरेटर हो।
D) माथिका सबै

३७) **Eco- Tourism** शव्दको प्रयोग कसले गरेका थिए ?
A) सर पिटर सन् १९७६ B) म्याडम क्युरी, सन् १९८५
C) हेक्टर सेवालोस लास्कुरेन, सन् १९८३ D) माइकल रिचार्ड, १९८६

३८) समूह १ र समूह २ बीच जोडा मिलाई कोडबाट सहि उत्तर छान्नुहोस् ।

| समूह १ | समूह २ |
|---|---|
| a) भाग | 1) दाउरा |
| b) भोग | 2) पशुपालन |
| C) सिंकर | 3) कृषि |
| d) तेलकर | 4) तेल |

A) a-1, b-3, c-1, d-4 B) a-3, b-1, c-4, d-1 C) a-3, b-2, c-1, d-4 D) a-3, b-4, c-1, d-2

३९) नेपाल एकीकरण अभियान सम्बन्धमा समयक्रमअनुसार निम्न घटनाको क्रम मिलाउनुहोस् ?
क) मकवानपुर विजय ख) किनलक अभियान ग) कीर्तिपुर विजय घ) मिरकासिम
A) क, घ, ग,ख B) ख, क, ग, घ C) घ, ख, क, ग D) क, ख, ग, घ

४०) कति वर्षभन्दा माथिका सबै जेष्ठ नागरिकको रु.१ लाखसम्म विमांक रकमको स्वास्थ्य वीमा शुल्क सरकारले व्यहोर्ने व्यवस्था छ ?
A) ६० वर्ष B) ६५ वर्ष C) ७० वर्ष D) ७५ वर्ष

४१) **Part** को **Whole** जस्तै **Arc** को के हुन्छ ?
A) Square B) Circle C) Triangle D) Trapezium

४२) कुनै भाषामा पानीलाई कालो कालो भनिन्छ ,कालोलाई रुख भनिन्छ, रुखलाई सेतो भनिन्छ, सेतोलाई नीलो भनिन्छ र नीलोलाई गुलाबि भनिन्छ भने त्यो भाषामा दुधको रङलाई के जनाइन्छ ?
A) कालो B) नीलो C) रुख D) सेतो

४३) कुन शव्द अन्य भन्दा भिन्न छ ?
A) Bldae B) Axe C) Scissors D) Needle

४४) एक मिनेटमा एक किमीका दरले कुद्ने २ किमी लामो रेललाई ३० किमी दुरी पार गर्न कति समय लाग्ला ?
A) १५ मिनेट B) ३० मिनेट C) ३१ मिनेट D) ३२ मिनेट

४५) एक विहान सूर्योदय पछि सूर्य एउटा डण्डीतर्फ अनुहार पारेर उभिएको थियो। डण्डीको छायाँ सूर्यको ठीक दायाँ परिरहको छ। सूर्य कुन दिशातर्फ फर्केर उभिएको थियो होला ?
A) पूर्व B) दक्षिण C) पश्चिम D) तथ्यांक अपुग छ

४६) गुरु पूर्णिमा कुन तिथिमा पर्दछ ?
A) आषाढ शुक्ल पुर्णिमा B) श्रावण शुक्ल पुर्णिमा C) अश्विन शुक्ल पुर्णिमा D) माघ शुक्ल पुर्णिमा

४७) आ.व ०७६/७७ को बजेटमा उल्लेख भए अनुसार तलकामध्ये कुन ठिक होइन ?
A) आन्तरिक बचट कुल गार्हस्थ उत्पादको २०.५% पुगेको छ।
B) चालु आर्थिक वर्षभरिमा मुद्रास्फीति दर ४५% हुने अनुमान छ।
C) कृषि क्षेत्रको बृद्धिदर ५% हुने अनुमान छ।
D) खर्चयोग्य प्रतिव्यक्ति आम्दानी ७.५% ले वढेको छ।

४८) तलको भनाई विचार गनुहोस् ?
१) नेपालले हालसम्म ६ वटा देशसँग BIPPA सम्झौता गरेको छ।
२) नेपालको प्रथमपटक जर्मनीसँग BIPPA सम्झौता गरेको हो।
A) भनाइ १ र २ दुबै ठिक B) भनाइ १ ठिक र भनाई २ गलत
C) भनाइ १ गलत र भनाइ २ ठिक D) भनाई १ र २ दुबै गलत

४९) 'प्रज्ञा पारमिता' कुन धर्मसँग सम्बन्धित पुस्तक हो ?
A) हिन्दु B) जैन C) ताओ D) बुद्ध

**Answer Keys**

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 1.C | 2.B | 3.B | 4.A | 5.D | 6.C | 7.C | 8.A | 9.C | 10.D |
| 11.C | 12.C | 13.D | 14.C | 15.B | 16.D | 17.C | 18.A | 19.B | 20.D |
| 21.C | 22.C | 23.A | 24.C | 25.D | 26.C | 27.C | 28.D | 29.B | 30.A |
| 31.C | 32.D | 33.D | 34.B | 35.B | 36.A | 37.C | 38.C | 39.A | 40.C |
| 41.B | 42.B | 43.D | 44.D | 45.B | 46.A | 47.D | 48.B | 49.D | |

◈◈◈